# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..............प्रशासन.............. शाखा)

रामशाहपथ, काठमाडौं


पत्र संख्या :- ०७७/०७८

चलानी नं. :- १८२२

मिति :- २०७८।०१।१५

बिषय :- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।

श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

विश्वभर फैलिंदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड - १९ को सङ्क्रमण नेपालमा बढ्दै गइरहेको सन्दर्भमा सोको रोकथाम, नियन्त्रण तथा उपचारका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।०१।१३ को निर्णय कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. प्र./३११/५१९८ मिति २०७८।०१।१५ को प्राप्त पत्र यसैसाथ संलग्न छ । सो पत्रबाट व्यहोरा अवगत गरी कार्यालयको कार्य सञ्चालनको लागि कार्यालय प्रमुखले आवश्यक व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ ।

२०७८/०१/१५

गोकुल बहादुर निरौला

उपन्यायाधिवक्ता


☎: ४२०००००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रशासन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः- ०७७-७८

मिति : २०७८।०१।१५

च.नं.: - प्र./३११/५१९८

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल।
श्री लोक सेवा आयोग, अनामनगर।
श्री महान्यायाधिवक्ताको कार्यालय, सिंहदरबार।
श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार।
श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार।
श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल।
श्री राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार।
श्री नेपाल ट्रष्टको कार्यालय, कमलादी।
श्री लगानी बोर्डको कार्यालय, नयाँबानेश्वर।
श्री राष्ट्रिय अनुसन्धान विभाग, बरफबाग, सिंहदरबार।
श्री राजश्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर।
श्री सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक, ललितपुर।

विश्वभर फैलिँदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को सङ्क्रमण नेपालमा बढ्दै गएको सन्दर्भमा सोको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा देहायबमोजिम गर्ने गरी मिति २०७८।०१।१३ मा नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय भएकोले सो बमोजिम गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ।

**देहायः**

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारको लागि आवश्यक व्यवस्था मिलाउन सङ्क्रामक रोग ऐन, २०२० बमोजिम निषेध आदेश भएका जिल्लाका सरकारी र सार्वजनिक कार्यालयमा अनावश्यक भीडभाड हुन नदिन र अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालय बाहेक अन्य कार्यालयका प्रमुखले आलोपालो पद्धतिअनुसार कर्मचारी खटाई काम सुचारु राख्ने व्यवस्था मिलाउने। घरबाटै गर्न सकिने कामको हकमा Work from Home को व्यवस्था गर्ने। यसरी पालोमा उनुपस्थित हुने कर्मचारीको हकमा सम्बन्धित कार्यालय प्रमुखले कोभिड काज जनाउने।

(प्रज्वल घिमिरे)
शाखा अधिकृत

**बोधार्थः**

श्री सबै महाशाखाहरु, प्र.म. तथा म.प.को कार्यालय। (आलोपालोको व्यवस्था मिलाई सोको विवरण प्रशासन शाखामा पठाउनुहुन)

श्री सूचना प्रविधि शाखा, प्र.म.तथा म.प.को कार्यालय। (वेबसाइटमा राख्ने व्यवस्थाको लागि)

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np